

# नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
# चौमासिक बुलेटिन

बर्ष : १ अंक : २ मंसिर-फागुन, २०७७ (Aug/Sep-Feb/Mar, 2020-21)

### उत्पादनमूलक गठबन्धनप्रति कृषक आकर्षण

## २६ जिल्लाबाट ६९८ अवआधारणा पत्र छनौट, ४८६ उप-आयोजना पूर्ण प्रस्ताव प्राप्त


### १. पूरक अनुदान

आयोजनाको सम्भाग "ग" **छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास** मा आयोजना लागू भएका २८ जिल्लाका उत्पादक संस्थाहरुद्वारा उत्पादनमूलक गठबन्धन (Productive Alliance) को आधारमा तयार पारिएका उप-आयोजना प्रस्तावहरूलाई निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी प्रतिस्पर्धाका आधारमा करिब ५०० वटा उत्कृष्ट उप-आयोजना प्रस्तावहरुलाई लगानीको ५०% वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने लक्ष रहेको छ। यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले अन्य शर्तहरु पूरा गर्नुको साथै उप-आयोजनाको कूल लगानीको न्यूनतम २०% आफ्नै स्रोतबाट र कम्तीमा पनि ३०% रकम वित्तीय संस्थाबाट ऋण लिनुपर्ने अनिवार्य व्यवस्था गरिएको छ।

### २. उप-आयोजना अवधारणा पत्र माग

दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलामा आयोजनाले उपलब्ध गराउने उप-आयोजना सञ्चालन पूरक अनुदान प्रवाह प्रक्रियामा सहभागी हुन इच्छुक योग्य कृषक समूह, सहकारीबाट २०७७ जेष्ठ २८ मा प्रथम पटक, कृषक समूह र सहकारीका संघहरुबाट २०७७ आषाढ १६ मा दोस्रो पटक तथा निजी फर्म तथा कम्पनीहरुबाट २०७७ माघ १९ मा तेस्रो पटक गरी तीन पटक उप-आयोजना अवधारणा पत्र माग गरिएको थियो। आयोजनाको स्वीकृत पूरक अनुदान प्रवाह विधिले उत्पादक संस्थाहरुबाट प्राप्त पूरक अनुदान माग प्रस्तावलाई (क) अवधारणा पत्र, (ख) स्थलगत प्रमाणीकरण र (ग) पूर्ण प्रस्ताव मूल्याङ्कन गरी तीन चरणमा मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरे अनुसार आयोजनाले पहिलो र दोस्रो पटक गरेको प्रस्ताव आह्वानको प्रतिउत्तरमा मुस्ताङ्ग र मनाङ्ग बाहेकका २६ जिल्लाका उत्पादक संस्थाहरुबाट प्राप्त ८०९ उप-आयोजना अवधारणा पत्रहरुको अवधारणा र अवधारणा पत्र छनौट भएका उप-आयोजना प्रस्तावहरुको स्थलगत प्रमाणीकरण मूल्याङ्कनपूरा गरेको छ भने निजी क्षेत्रका फर्म र कम्पनीहरुबाट तेस्रो पटक गरिएको

चित्र १: दूध र मासु मूल्य शृंखलाका उप-आयोजना अवधारणा पत्र र पूर्ण प्रस्तावको संख्या




बाँकी पृष्ठ ३

## हार्दिक स्वागत



**माननीय मन्त्रीको रुपमा श्री पद्मा कुमारी अर्यालज्यूले कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्व ग्रहण गर्नु भएकोमा आयोजना परिवार उहाँलाई हार्दिक स्वागत गर्दछ र सफल कार्यकालको कामना गर्दछ।**

**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)**
हरिहरभवन, ललितपुर, नेपाल

---

1 स्वागत तथा बिदाई

### आयोजनामा नयाँ निर्देशक



नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको रिक्त आयोजना निर्देशक पदमा नेपाल सरकारबाट नियुक्त भएका प्रमुख पशु चिकित्सक डा. उमेश दाहालले २०७७ पौष २४ गतेदेखि आफ्नो जिम्मेवारी सम्हाल्नु भएको छ।

### नवनियुक्त महानिर्देशकको स्वागत



आयोजना निर्देशक डा. उमेश दाहालले २०७७ फाल्गुण ६ गतेका दिन केन्द्रीय प्राविधिक समन्वय समितिको बैठकको अवसरमा आयोजना परिवारको तर्फबाट पशु सेवा विभागका नवनियुक्त महानिर्देशक तथा आयोजनाको केन्द्रीय प्राविधिक समन्वय समितिका अध्यक्ष डा. दमयन्ती श्रेष्ठलाई बधाई ज्ञापन गर्दै औपचारिक रुपमा स्वागत गर्नुभएको छ।

### नवनियुक्त सचिवद्वारा पद बहाली



कृषि तथा पशुपन्छी विकास मन्त्रालयका नवनियुक्त सचिव (पशुपन्छी विकास) तथा आयोजना निर्देशन समितिका अध्यक्ष डा. पेम नारायण कंडेलज्यूले २०७७ मंसिर २२ गते देखि मन्त्रालयमा पद बहाली गर्नु भएको छ। गुल्मी जिल्ला, छत्रकोटका स्थायी बासिन्दा डा. पेम नारायण कंडेलले वन विज्ञानमा स्नातक र वन विज्ञान तथा जलवायु परिवर्तन विषयमा विद्यावारिधि उपाधि हासिल

बाँकी पृष्ठ ३

**सल्लाहकार**

**डा. उमेश दाहाल**
आयोजना निर्देशक

**डा. प्रभाकर पाठक**
प्रोजेक्ट टेक्निकल लिड

**डा. अमरबहादुर शाह**
टिम लिडर-प्राविधिक सेवा प्रदायक

**डा. श्रीराम प्रसाद न्यौपाने**
पशु प्रजनन विज्ञ

**सम्पादक मण्डल**

**प्रधान सम्पादक**

**डा. नरबहादुर रजवार**
सूचना, शिक्षा र सञ्चार विज्ञ

**सदस्य**

**डा. मोहनदेव लेखक**
वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत

**श्री सुरेश बस्नेत**
सूचना, सञ्चार प्रविधि विज्ञ

**सम्पादन सहयोगी**

**श्री प्रजेश अधिकारी**

**सुश्री सीमा पाण्डे**

**प्रकाशक**

**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (NLSIP)**
हरिहरभवन, ललितपुर

# आयोजना निर्देशकको भनाई



नेपालको पशुपालन क्षेत्रलाई आधुनिकीकरण एवं सुदृढीकरण गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा आ.व. २०७४/७५ देखि नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना (एन. एल. एस. आई. पी.) संचालन भई रहेको छ । दूध, खसीबोका, मासु र पश्मिनाको उत्पादन एवं उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र पशु सेवा प्रवाहलाई प्रभावकारी पार्ने अभिप्रायले आयोजनाका कार्यक्रमहरु संचालन भइरहेका छन् ।

आयोजनाका क्रियाकलापहरु केन्द्रमा आयोजना व्यवस्थापन कार्यालय र प्रदेशमा चार वटा विकेन्द्रीकृत आयोजना सहयोग ईकाईहरु मार्फत २८ जिल्लाका २८९ गाउँ तथा नगरपालिकाहरुमा सम्बन्धित प्रदेश तथा स्थानीय सरकारहरुसँगको सहकार्यमा संचालन भई रहेको छन् ।

आयोजनाले सम्भाग "क" अन्तरगत नयाँ नीति तथा रणनीतिहरु निर्माण गरी आवश्यक क्षमता सबलीकरण गरेको छ र संस्थागत क्षमता सबलीकरण गर्ने प्रयास गरिरहेको छ । एवं प्रकार आयोजनाको सम्भाग "ख" अन्तरगत भेटेरिनरी सेवाको आधुनिकरणको लागि बिभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । आवश्यक पूर्वाधार निर्माण गरी पशुजन्य उत्पादनको वृद्धि तथा यथोचित व्यवस्थापन गर्ने क्रममा आयोजनाले पशु सेवा केन्द्र भवनहरु, पशु हाटबजारहरु, तालिम केन्द्र भवन र पशु विकास फार्मका आवश्यक पूर्वाधारहरु निर्माण गरेको छ ।

आयोजनाको सम्भाग "ग" छानिएको पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास अन्तरगत प्राप्त भएका उप-आयोजना पूर्ण प्रस्तावहरु मूल्यांकन सम्पन्न हुने क्रममा छन् । आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्यांकनमा उत्कृष्ठ हुने करिब ५०० वटा उप-आयोजनाहरु संचालन भए पछि २८ जिल्लाका कृषक समूह, सहकारी संस्था तथा सम्बन्धित संघ/संस्थाहरु लाभान्वित हुने अपेक्षा गरिएको छ ।

आयोजनाका गतिविधि बारे सरोकारवालालाई जानकारी दिने र विशेष गरी चौमासिक अवधिमा भए गरेका उल्लेखनीय उपलब्धिहरु बारे जानकारी प्रवाह गर्ने उद्देश्यले यस बुलेटिनको अंक-२ प्रकाशित गरिएको छ । यस अंकमा प्रकाशित सामग्रीहरु यस आयोजनासँग आवद्ध एवं कार्यक्रम कार्यन्वयनमा प्रत्येक्ष वा अप्रत्येक्षरुपमा संग्लग्न हुने सबैको लागि सान्दर्भिक र उपयोगी हुनेछन भन्ने आशा गरेको छु । साथै, आयोजना संचालन प्रक्रिया र संचालित कार्यक्रम बारे सकारात्मक पृष्ठपोषण प्राप्त भई आगामी अंकहरु अझै कृषक मैत्री एवं प्रविधि मैत्री बनाउने हाम्रो प्रयासलाई थप उर्जा तथा उत्साह प्राप्त हुनेछ भन्ने आशा पनि राखेको छु ।

आयोजना कार्यान्वयन अवधिमा महत्वपूर्ण मार्गनिर्देशन दिने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र आवश्यक सहयोग गर्ने आयोजनामा आवद्ध पदाधिकारीहरु तथा विश्व बैंक टोली प्रमुखप्रति आभार व्यक्त गर्दछु । त्यस्तै आयोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्ने विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु, प्रदेश र स्थानीय तहका सबै निकाय तथा पदाधिकारीहरु प्रति पनि आभार प्रकट गर्दछु ।

अन्त्यमा, यस चौमासिक बुलेटिनको यो अंक प्रकाशन गर्न योगदान दिने सम्पादक मण्डलका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद दिन चाहन्छु ।

डा. उमेश दाहाल
आयोजना निर्देशक



उत्पादनमूलक . . .

प्रस्ताव आह्वानको प्रतिउत्तरमा प्राप्त भएका करिब २२०० उप-आयोजना अवधारणा पत्रहरुको प्रारम्भिक मूल्याङ्कन सुरु गर्ने तयारीमा छ।

मुस्ताङ्ग र मनाङ्ग जिल्लाको हकमा कोभिड-१९ को कारण लगाइएको तत्कालीन यात्रा प्रतिबन्ध र प्रतिकूल मौसमको कारण पर्याप्त संख्यामा उप-आयोजना अवधारणा पत्र प्राप्त गर्न तथा प्राप्त उप-आयोजना अवधारणा पत्रहरुको स्थलगत प्रमाणीकरण समेत गर्न सकिएको छैन ।

## ३. उप-आयोजना पूर्ण प्रस्ताव

आयोजनाको पहिलो र दोस्रो सूचनाको प्रतिउत्तरमा २६ जिल्लाबाट प्राप्त दूध र खसीबोकाको मासु मूल्य शृंखलाका उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्तावहरुको विवरण यस प्रकार छ:

### ३.१ कृषक समूह, सहकारी र संघहरु र प्राप्त उप-आयोजना पूर्ण प्रस्ताव

प्रथम चरणको मूल्याङ्कनबाट छनौट भएका उप-आयोजना अवधारणा पत्रहरु स्थलगत प्रमाणीकरण समेतमा योग्य पाइएमा प्रस्तावकबाट उप-आयोजना पूर्ण प्रस्ताव आमन्त्रण गर्ने स्वीकृत विधि अनुसार आयोजनाको पहिलो र दोस्रो सूचनाको प्रतिउत्तरमा मुस्ताङ्ग र मनाङ्ग बाहेकका २६ जिल्लाबाट प्राप्त दूध र खसीबोकाको मासु मूल्य शृंखलाका उप-आयोजना अवधारणा पत्रहरुको प्रथम र द्वितीय चरणको मूल्याङ्कन आयोजनाले सकेको छ भने प्राप्त ४८६ उप-आयोजना पूर्ण प्रस्तावहरुको अन्तिम मूल्याङ्कन गर्ने कार्य सुरु भएको छ।

**तालिका-१: दूध र मासु मूल्य शृंखलाका उप-आयोजना अवधारणा पत्र र पूर्ण प्रस्तावको संख्या**


| विकेन्द्रीकृत आयोजना सहयोग इकाई | प्राप्त अवधारणा पत्र | स्थलगत प्रमाणीकरणको लागि छानिएका अवधारणा पत्र | स्थलगत प्रमाणीकरणबाट उप-आयोजना पूर्ण प्रस्ताव माग गर्न छानिएका अवधारणा पत्र | प्राप्त उप-आयोजना पूर्ण प्रस्ताव |
|---|---|---|---|---|
| विराटनगर | १९९ | १९९ | १४५ | १३३ |
| हेटौंडा | २३५ | १७३ | १५२ | १३२ |
| पोखरा | २३९ | १९२ | १३३ | ११८ |
| बुटवल | १३६ | १३४ | १२७ | १०३ |
| जम्मा | ८०९ | ६९८ | ५५७ | ४८६ |

### ३.२ उत्पादक संस्था र उप-आयोजना पूर्ण प्रस्ताव

आयोजनाले प्रथम सूचनाद्वारा पशुपालक कृषक समूह र सहकारी संस्थाबाट र र दोस्रो सूचनाद्वारा पशुपालक समूह तथा सहकारी संस्थाका संघ आदि उत्पादक संस्थाहरुबाट उप-आयोजना अवधारणा पत्र तथा पूर्ण प्रस्ताव आह्वान गरेकोमा प्राप्त उप-आयोजना पूर्ण प्रस्तावहरुमध्ये २२६ (४६.५%) कृषक समूहबाट, २५७ (५२.८८%) सहकारी संस्थाबाट र ३ (०.६१%) कृषक समूह तथा सहकारी संस्थाका संघहरुबाट प्राप्त भएका छन ।

चित्र २: उत्पादक संस्था र उप-आयोजना पूर्ण प्रस्ताव संख्या

**उत्पादक संस्था र उप-आयोजना पूर्ण प्रस्तावहरु**





### ३.३ मूल्य शृंखला र उप-आयोजना पूर्ण प्रस्ताव

आयोजनाले दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलामा उत्पादन तथा प्रशोधनका उप-आयोजना सञ्चालन गर्न अवधारणा पत्र र पूर्ण प्रस्ताव माग गरेकोमा प्राप्त ४८६ उप-आयोजना पूर्ण प्रस्तावमध्ये २४८ (५१.०२%) खसीबोकाको मासु र २३८ (४८.९८%) दूध मूल्य शृंखलामा प्राप्त भएका छन ।

चित्र ३: मूल्य शृंखला र उप-आयोजना पूर्ण प्रस्ताव संख्या

**मूल्य श्रृंखला र उप-आयोजना पूर्ण प्रस्तावहरु**




स्वागत तथा . . .

**आयोजनामा...**

पद बहालीको दिन उहाँलाई आयोजनामा कार्यरत कर्मचारी तथा परामर्शदाताहरुले भव्य र आत्मीय स्वागत गरेका थिए। आयोजनाको लगभग बीच अवधिमा आयोजनाको नेतृत्व गर्ने अवसर पाउनु भएका डा. दाहालले आयोजनालाई अझ गतिशील नेतृत्व प्रदान गर्ने अपेक्षा गरिएको छ।

पशु चिकित्सा विषयमा स्नातक उपाधि हासिल गरेपछि निजी ह्याचरीबाट सेवा सुरु गरेर पशु विकासको क्षेत्रमा प्रवेश गर्नुभएका डा. दाहाल २०६४ सालमा पशु चिकित्सकको रुपमा निजामती सेवामा प्रवेश गर्नुभएको थियो । उहाँले हालसम्म कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका केन्द्रीय र जिल्ला स्तरका विभिन्न निकायको अनुभव हासिल गर्नु भएको छ । आयोजनामा आउनु पहिले उहाँ राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरको प्रमुखको रुपमा कार्यरत हुनुहुन्थ्यो।

**नवनियुक्त महानिर्देशकको...**

पशु सेवा विभागको प्रथम महिला महानिर्देशक बन्नु भएकी डा. दमयन्ती श्रेष्ठले नेपाल सरकारको २०७७ माघ २९ गतेको निर्णयानुसार पशु सेवा विभागको महानिर्देशकमा नियुक्त भई २०७७ फागुन ३ मा पदबहाली गर्नु भएको हो। गुजरात कृषि विश्व विद्यालयको आनन्द भेटेरिनरी कलेजबाट पशु चिकित्सा विषयमा स्नातक उपाधि हासिल गरेकी डा. दमयन्ती श्रेष्ठसँग २०४६ सालदेखि पशु सेवा विभाग अन्तर्गतका विभिन्न निकायहरुमा काम काम गरेको अनुभव छ। आयोजना परिवार नवनियुक्त महानिर्देशकज्यूको सफल कार्यकालको शुभकामना व्यक्त गर्दछ।

**नवनियुक्त सचिवद्वारा...**

गर्नु भएको छ र आफ्नो २५ वर्षे सेवा अवधिमा विभिन्न कार्यालय, विभाग र प्रदेश मन्त्रालयको नेतृत्व गर्नुभएको छ। नेपाल सरकारको सचिवमा नियुक्त हुनुपूर्व उहाँ राष्ट्रिय निकुञ्ज तथा बन्यजन्तु संरक्षण विभागको महानिर्देशकको पदमा कार्यरत हुनुहुन्थ्यो । आयोजना परिवार उहाँलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सचिवको रुपमा स्वागत गर्दै उहाँको सफल कार्यकालको कामना गर्दछ र सचिव तथा आयोजना निर्देशन समितिको अध्यक्षको रुपमा उहाँबाट आयोजनाले सक्रिय मार्गदर्शन प्राप्त गर्ने आशा गरेको छ।



# आयोजना कार्यान्वयन समीक्षा तथा सहयोग पाँचौं मिसन सम्पन्न

विश्व बैंकद्वारा नियमित रुपमा गरिने नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना कार्यान्वयन समीक्षा तथा सहयोगको पाँचौं मिसन सम्पन्न भएको छ। २०७७ पौष २४ देखि माघ ९ सम्म सम्पन्न गरिएको यो मिसन पनि चौथो मिसन जस्तै कोभिड-१९ महामारीको कारणले गर्दा भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो । आयोजनाको तर्फबाट आयोजना निर्देशक लगायत आयोजना व्यवस्थापन कार्यालयका अधिकृत र परामर्शदाताहरु तथा विश्व बैंकको तर्फबाट आयोजना हेर्ने टोली प्रमुख डा. पूर्ण बहादुर क्षेत्री, विश्व बैंकको मुख्य कार्यालय तथा नेपाल कार्यालयका आयोजना सम्वद्ध जिम्मेवार पदाधिकारीहरु र आयोजना हेर्ने वाह्य विज्ञहरु सहभागी रहेका थिए ।

विभिन्न शत्रहरुमा गरी सम्पन्न भएको सो समीक्षामा आयोजनाका चारवटै सम्भागको कार्यान्वयन प्रगति प्रस्तुत गरिएको थियो भने आयोजनाले सम्पन्न गरेका कामका सफलता र कमीकमजोरी तथा भविष्यमा सुधार गर्नुपर्ने पक्षको बारेमा विभिन्न चरणमा छलफल गरिएको थियो । कोभिड-१९ महामारीको समयमा पनि आयोजनाले हासिल गर्न सकेको प्रगति सन्तोषजनक रहेको महसुस गरिएको थियो भने सम्भाग “क” अन्तर्गतका आयोजना स्तरबाट सुरु गरिएका सम्पन्न गरिनुपर्ने कतिपय लक्षित कार्यहरु माथिल्ला सरकारी निकायहरुको प्राथमिकतामा पर्न नसक्दा पूरा हुने क्रममै रहेको महसुस पनि गरिएको थियो ।

यो समीक्षा मिसनको क्रममा आयोजना कार्यान्वयन प्रगतिको अलावा प्रस्तावित बजेट कटौतीको कारण पुनसंरचना भए पश्चात् सञ्चालन हुने आयोजनाका क्रियाकलाप र आगामी मध्यावधि मूल्याङ्कन सम्बन्धमा पनि छलफल गरिएको थियो । मिसनको अन्त्य कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा सचिव तथा आयोजना निर्देशन समितिका अध्यक्षसँग बैठक र अर्थ मन्त्रालयमा छलफल गरी गरिएको थियो । कोभिड-१९ सहित विभिन्न कठिनाई हुदाहुदै पनि आयोजनाको प्रगति सन्तोषजनक रहेको निष्कर्ष मिसनको रहेको थियो ।

1 असल अभ्यास /प्रविधि

# पशु आहारको लागि मकैचरी घाँस खेती

मकैचरी वा टिवोसेन्टी मकै जस्तै वर्षे घाँस हो र यसको उत्पत्ति मध्य-अमेरिकामा भएको मानिन्छ । मकैमा एक वा दुई घोगा र धेरै दानाहरु लाग्छन् भने मकैचरीमा धेरै साना-साना सुत्लाहरु लाग्छन् र प्रत्येक सुत्लामा ८ देखि १० दाना मात्र लााग्छन्। मकैचरीमा धेरै सराहरु आउछन र गाँज ठूलो हुन्छ भने मकैको एकमात्र बोट हुन्छ । मकैचरी नेपालका मध्यपहाडदेखि तराईसम्म राम्रोसँग खेती गर्न सकिन्छ । मकैचरी उग्राउने पशुको लागि अति उत्तम वर्षे घाँस हो । उग्राउने पशुलाई हरियो वा साईलेज बनाएको मकैचरी घाँस दुई भाग र अन्य बोडी, भटमासे जस्ता कोसेघाँस एक भाग मिसाएर दिदा दूध तथा मासु उत्पादन राम्रो हुन्छ । पानी नजम्ने मलिलो माटोमा मकैचरी घाँस राम्रोसँग फस्टाउछ। सिर्सा, रहुरी मकैचरीका उन्नत जातहरु हुन ।

## जमिनको तयारी र छर्ने वा रोप्ने तरिका

मकैलाई जस्तै मकैचरीलाई पनि एक पटक जमिन राम्रोसँग जोतेर डल्ला फुटाएर मसिनो बनाई ३-४ दिनसम्म सुक्न दिने त्यसपछि पहिले बीउ छरेर पुर्नको लागि हल्का जोत्ने गर्नुपर्छ वा सियोको पछाडी रोप्नु पर्छ। २०-२५ से.मी. को फरकको लाईनमा बीउ रोप्दा घाँस तथा बीउ उत्पादन राम्रो हुन्छ।

**बीउको मात्रा**

२ के.जी. प्रति रोपनी वा ४० के.जी. प्रति हेक्टर।

**बीउ छर्ने समय**

चैत्र महिनाको सुरुदेखि वैशाख महिनाको दोस्रो हप्तासम्म बीउ छरेर राम्रोसँग सिंचाई र मल दिन सकेमा मकैचरीलाई ४-५ पटक घाँस काटेर बीउ पनि लिन सकिन्छ।

## जमिनको तयारी र छर्ने वा रोप्ने तरिका

मकैलाई जस्तै मकैचरीलाई पनि एक पटक जमिन राम्रोसँग जोतेर डल्ला फुटाएर मसिनो बनाई ३-४ दिनसम्म सुक्न दिने त्यसपछि पहिले बीउ छरेर पुर्नको लागि हल्का जोत्ने गर्नुपर्छ वा सियोको पछाडी रोप्नु पर्छ। २०-२५ से.मी. को फरकको लाईनमा बीउ रोप्दा घाँस तथा बीउ उत्पादन राम्रो हुन्छ।


**बीउको मात्रा**

२ के.जी. प्रति रोपनी वा ४० के.जी. प्रति हेक्टर।

**बीउ छर्ने समय**

चैत्र महिनाको सुरुदेखि वैशाख महिनाको दोस्रो हप्तासम्म बीउ छरेर राम्रोसँग सिंचाई र मल दिन सकेमा मकैचरीलाई ४-५ पटक घाँस काटेर बीउ पनि लिन सकिन्छ।





**मलखाद**

- **गोवर मल**: जोत्नु भन्दा पहिले १५-१६ डोको गोवरमल प्रति रोपनीका दरले छर्ने अनि जोतेर पुर्ने ।
- **रासायनिक मल नाईट्रोजन** (N2): ४.५ के.जी. प्रति रोपनी (३ के.जी. N2 बीउ छर्नु भन्दा पहिले छर्ने र आधा-आधा के.जी. N2 प्रत्येक पटक घाँस काट्दा छरेर सिंचाई गर्ने) ।
- **फस्फोरस** (P2O5): ३ के.जी. प्रति रोपनी (बीउ छर्नुभन्दा पहिले नै छर्ने) ।

**सिंचाई**

मकैलाई जस्तै मकैचरीलाई पनि समय-समयमा वर्षा भएरहेको भए सिंचाई गर्नु पर्दैन । तर, जमिन सुख्खा छ भने उबी छरेपछि पहिलो पटक सिंचाई गरिदिने अनि घाँस काटेपछि प्रत्येक पटक यूरिया मल हालेर सिंचाई गर्ने गर्नुपर्छ ।

**मकैचरीसँग अरु कोषेवाली प्रणाली**

कासेघाँस (बोडी, भटमासे आदि) एक लाईनमा र अर्को लाईनमा मकैचरी लगाउदा घाँस उत्पादन बढी लिन सकिने, माटोको उर्वरा शक्ति बढी हुने र पशुवस्तुमा पोषण पनि राम्रो हुने हुन्छ । गहुँपछि मकैचरी र त्यसपछि धान खेती गर्दा खेत बाँझो पनि नरहने र पशुबस्तुको लागि हरियो घाँस पनि प्राप्त गर्न सकिन्छ ।

**उत्पादन**

चिस्यान र मलखाद राम्रोसँग पुगेको भए बीउ छरेको ५० दिनपछि पहिलो पटक र त्यसपछि प्रत्येक ३०-३५ दिनको फरकमा घाँस काट्न सकिन्छ । घाँस काट्दा जमिनबाट डेढ ईन्च छोडेर काटनु पर्छ । फेदैमा काट्दा अर्को पटकमा राम्रोसँग पलाउन पाउदैन । बीउ उत्पादन गर्ने हो भने पहिले १-२ पटक घाँस काटेर छोड्दा बीउ उत्पादन राम्रो हुन्छ ।

हरियो घाँस उत्पादन ३०६६ देखि ३५०० के.जी. प्रति रोपनी (१५ देखि १७ टन सुख्खा पदार्थ प्रति हेक्टर) लिन सकिन्छ भने बीउ ४३ देखि ६२ के.जी. प्रति रोपनी लिन सकिन्छ ।



**घाँस खुवाउने तरिका र भण्डारण**

च्याफ कटरले काटेर दुई भाग मकैचरी र एक भाग कोसेबाली मिसाई हरियो घाँस एक भाग र काटेको पराल दुई भाग गरेर ५०० के.जी. तौल भएको गाई वा भैंसीलाई १५ के.जी. सुख्खा पदार्थका दरले खुवाउन सकिन्छ । दुधिलो दाना भएको अवस्थामा काटेर मकैचरीबाट साईलेज बनाउन पनि सकिन्छ । उन्नतजातका गाई, भैंसीलाई हरियो मकैचरी घाँस वा मकैचरीको साईलेज खुवाउदा राम्रो दूध उत्पादन लिन सकिन्छ ।

प्रस्तुतिः **नेत्र प्रसाद वस्ती**
पशु आहार र चरन विशेषज्ञ

10 आयोजनामा नवीनता

# उप-आयोजनामा ३०% लगानी वित्तीय संस्थाको हुनुपर्ने व्यवस्था

आयोजनाको सम्भाग "**ग**" **छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकासमा** उत्पादनमूलक गठबन्धन (Productive Alliance) को आधारमा तयार पारिएका करिब ५०० वटा दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्कृष्ट उप-आयोजना प्रस्तावहरूलाई निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी प्रतिस्पर्धाका आधारमा लगानीको ५०% वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने लक्ष रहेको छ । पूरक अनुदान प्रवाह गर्ने विगतमा सञ्चालित समान प्रकारका आयोजनाहरुले सामना गर्नुपरेका चुनौतीहरुको अनुभवबाट सिकेर यस आयोजनाका अनुदान प्रवाह शर्त तथा विधिहरु तयार पारिएको छ र त्यस्तो एउटा नवीन विधि उप-आयोजनाको लगानीमा बैंक ऋणको अनिवार्यता हो ।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा उप-आयोजना सञ्चालन गर्न पूरक अनुदान प्रस्ताव गर्ने आवेदक संस्थाले आयोजनाको पूरक अनुदान प्राप्त गर्न उप-आयोजनाको प्रस्तावित कूल लगानीको न्यूनतम २०% आफ्नै स्रोतबाट र कम्तीमा पनि ३०% रकम वित्तीय संस्थाबाट ऋण लिनैपर्ने बाध्यकारी व्यवस्था गरिएको छ । आयोजनाको स्वीकृत विधि अनुसार आवेदक संस्थाले आफ्नो लगानी २०% समेत आफूले व्यहोर्नुपर्ने पूरै ५०% रकम बैंक वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने छ तर, आफूसँग मौजदात भए पनि वित्तीय संस्थाबाट ऋण नलिने छुट भने पाउने छैन ।

विगतका समान आयोजनाहरुमा उप-आयोजना पूर्ण प्रस्तावहरुको प्राविधिक तथा वित्तीय पक्षको मूल्याङ्कन आयोजनाले छानेका तटस्थ मूल्याङ्कनकर्ताहरुबाट हुने गरेकोमा यस आयोजनामा उप-आयोजना पूर्ण प्रस्तावहरुको मूल्याङ्कन आयोजना तथा आवेदकले ऋण माग गरेको वित्तीय संस्था दुबैबाट छुट्टा-छुट्टै गर्ने व्यवस्था पनि गरिएको छ । स्वीकृत मूल्याङ्कन विधिबमोजिम आवेदकले आफ्नो उप-आयोजना पूर्ण प्रस्ताव आयोजना र सम्बन्धित वित्तीय संस्थामा बुझाउनु पर्ने छ, जसको प्राविधिक पक्षको मूल्याङ्कन आयोजनाले गर्ने छ भने वित्तीय पक्षको मूल्याङ्कन सम्बन्धित वित्तीय संस्थाले आफ्नै मापदण्डबमोजिम गर्ने छ ।

आयोजनाको अनुदान प्रवाह विधिमा आयोजनाद्वारा गरिने उप-आयोजना पूर्ण प्रस्तावको प्राविधिक वा व्यावसायिक पक्षको मूल्याङ्कनको नतिजा आवेदकले वित्तीय



संस्थाबाट ऋण स्वीकृत गरिएको जानकारी पत्र ल्याएपछि मात्र प्रकाशन गर्ने व्यवस्था गरिएको हुदा पूरक अनुदान प्राप्त गर्ने उप-आयोजना पूर्ण प्रस्ताव छनौटमा वित्तीय संस्थाको मूल्याङ्कनको अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ।

आयोजनामा यो नयाँ व्यवस्था निम्न उद्देश्यले गरिएको छः

- उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन आयोजना तथा वित्तीय संस्थाबाट अलग-अलग गरी छनौटमा तटस्थता र निष्पक्षता कायम गर्ने।
- पूर्ण प्रस्तावको वित्तीय पक्षको मूल्याङ्कन गर्ने विज्ञता आयोजनामा भन्दा वित्तीय संस्थामा बढी हुने भएकोले विज्ञ मूल्याङ्कनकर्ताबाट मूल्याङ्कन गराउने।
- वित्तीय संस्थाहरुले धितोबिना ऋण प्रवाह नगर्ने भएकोले ऋण लिनैपर्ने बाध्यात्मक व्यवस्था हुदा अनुदानको आकर्षणले मात्र आयोजनामा आवद्ध हुन खोज्ने आवेदकहरु निरुत्साहित हुने।
- पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालनमा आएमा सो उप-आयोजनाले आयोजना तथा वित्तीय संस्था दुबैबाट सहयोग पाउने र उप-आयोजनाको दुबै संस्थाबाट अनुगमन पनि हुने।
- वित्तीय संस्थासँग कारोबार गर्नुपर्दा उप-आयोजनाको अभिलेख व्यवस्थापन राम्रो हुने।
- वित्तीय संस्थाको ऋण लगानी समेतमा सञ्चालन हुने व्यवसाय दिगो हुने।

2 आयोजनामा नवीनता

## दूध, मासु उत्पादन गर्ने उप-आयोजनामा जमिनको सुनिश्चितता हुनुपर्ने

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादनमूलक गठबन्धनमा आधारित उप-आयोजनाहरुलाई लगानीको ५० प्रतिशत वा बढीमा रु. १ करोडसम्म पूरक अनुदान सहयोग उपलब्ध गराउने लक्ष लिएको छ। यस्ता अधिकांश उप-आयोजनाहरु दूध तथा मासु उत्पादन गर्ने उद्देश्यले गाई, भैसी वा बाखापालन गर्न प्रस्ताव गरिने पनि अपेक्षा गरिएको छ। दूध तथा मासु उत्पादन गर्ने उप-आयोजनाहरु सहरी उपभोक्तालाई केन्द्रमा राखेर सहर, बजार वरपर स्थापना गरिने र जमिनको मूल्य बढी हुने भएकोले सीमित जमिनमा स्थापना हुने यस्ता उप-आयोजनाहरु कालान्तरमा पशुको आहारा पूर्ति गर्न नसकी समस्यामा पर्ने गरेको देखिएको छ। तसर्थ, विगतको अनुभवबाट सिकेर यस आयोजनामा उप-आयोजना अवधारणा पत्र पेस गर्ने समयमै प्रस्तावकले आफूले प्रस्ताव गरेको उप-आयोजनाको लागि चाहिने जमिनको उपलब्धता सुनिश्चित गर्नुपर्ने वाध्यात्मक व्यवस्था गरिएको छ। आयोजनाको स्वीकृत उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधिमा उप-आयोजना प्रस्तावकले एक वयश्क गाई वा भैंसी बराबर एक रोपनी र चार वयश्क बाखा बराबर एक रोपनी जमिन आफूसँग भएको प्रमाणित गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको छ। यसको साथै उपलब्ध हुने जमिनको सीमालाई ध्यानमा राखेर ५० भन्दा बढी गाई वा भैंसी र २०० भन्दा बढी बाखापालन गर्ने उप-आयोजनाहरुको लागि ५० रोपनी जमिन भए पुग्ने शर्त पनि राखिएको छ। यस्तो जमिन उप-आयोजना प्रस्ताव आवेदकको आफ्नै स्वामित्वको वा भाडामा लिएको भए पनि स्वीकार गर्न सकिने छ तर, उप-आयोजनामा टिकाउ संरचनाहरु निर्माण गर्नुपर्ने भएको अवस्थामा भने त्यसको लागि चाहिने जमिन आवेदकको आफ्नै स्वामित्वकै हुनुपर्ने व्यवस्था गरिएको छ। दूध तथा मासु उत्पादन गर्ने उप-आयोजनाहरुमा न्यूनतम जमिन हुनैपर्ने यस्तो वाध्यकारी व्यवस्थाले पशु आहाराको अभावले गर्दा उप-आयोजना पूर्ण क्षमतामा सञ्चालन गर्न नसकिने वा उप-आयोजनामा प्रक्षेपन गरे बमोजिमको उत्पादन लिन नसकिने विगतमा देखिएका समस्याहरु नदोहोरिने अपेक्षा गरिएको छ। न्यूनतम जमिन हुनैपर्ने यो व्यवस्थाको कारणले गर्दा उप-आयोजनाहरुबाट अपेक्षित उत्पादन लिन सकिने र उप-आयोजनाहरु प्रतिफल दिने गरी दिगोरुपमा सञ्चालन हुने विश्वास पनि गरिएको छ।

1 आयोजना परिचय

## आयोजनामा लैंगिक समावेशीकरण

सामाजिक, आर्थिक, सास्कृतिक आदि विविध कारणले समाजमा विभिन्न प्रकारका असमानताहरु सिर्जना हुन्छन्। यस्ता असमानताहरु भएको समाजमा सञ्चालन गरिने विकासका कार्यक्रम र आयोजनाहरुमा सबैको समान पहाच र सहभागिता नहुने तथ्य विगतका अनुभवहरुले देखाएका छन्। त्यसैले दिगो विकासको लक्ष "कसैलाई नछुटाउनु (No one left behind) रहेको हुन्छ। समाजमा विद्यमान विभिन्न असमानताहरु मध्ये पुरुष र महिलाबीच हुने लैंगिक असमानता पनि एक हो। कृषि तथा पशुपालन क्षेत्रमा महिलाको संलग्नता उच्च रहको पाइन्छ। पुरुषहरु रोजगारीको लागि घर बाहिर रहने हुदा यो क्षेत्र हाल महिलाकै काधमा निर्भर हुन पुगेको छ। अन्य क्षेत्रका आयोजनामा जस्तै कृषि तथा पशुपालन सम्बन्धी आयोजनाहरुमा पनि महिलाको सहभागिता प्राय न्यून रहने गरेको पाइन्छ। यही अवस्थालाई दृष्टिगत गरेर नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले लैंगिक समावेशिताको विषयलाई बढी महत्व दिएको छ।

आयोजनाले महिलाका लागि विभिन्न अवसरहरु सिर्जना गर्ने उद्देश्य राखेको छ र आयोजनाबाट उपलब्ध हुने सेवा, सामग्री तथा अनुदानमा महिला सहभागिता अनिवार्य गर्ने नीति लिएको छ। आयोजनाको प्रगति मापन गर्दा महिला सहभागिता र महिलामा पुगेको लाभ सम्बन्धी छुट्टै विश्लेषण गर्ने नीति पनि आयोजनाले लिएको छ। भूँइतहका महिलाहरुसम्म कार्यक्रमलाई पुऱ्याउन आयोजनाले पशु सेवा सामाजिक परिचालकहरुलाई समुदायस्तरमा परिचालन गरिरहेको छ।

महिला सहभागिता सुनिश्चित गर्न आयोजनाले आफ्ना कियाकलापमा तय गरेका केही लक्ष तलको तालिकामा प्रस्तुत गरिएको छ।

आयोजनाको महिला सहभागिताको लक्ष

| कियाकलाप | कूल लक्ष | महिला सहभागिता (कम्तीमा) |
|---|---|---|
| १. आयोजनाको सेवा र सामग्री प्राप्त गर्ने लाभग्राहीको संख्या | २००,००० | ९००००(४५%) |
| २. जलवायुमैत्री पशुपालन प्रविधि अपनाउने कृषक संख्या | ७५,००० | ३३,७५०(४५%) |



| आयोजनाको महिला सहभागिताको लक्ष | | |
|---|---|---|
| क्रियाकलाप | कूल लक्ष | महिला सहभागिता (कम्तीमा) |
| ३. तालिम प्रदान गरिने दिन | ५००० | २२५०(३५%) |
| ४. आयोजनाका लाभग्राहीमध्ये पशु बीमामा सहभागी हुनेको प्रतिशत | ६०% | ४५% |
| ५. उत्पादक संस्थाहरुमा महिला सदस्य | - | ३३% |
| ६. उपयुक्तता, समयवद्धता र प्रभावकारिताको आधारमा आयोजनाले प्रदान गरेको सेवाबाट सन्तुष्ट हुने लाभग्राहीको प्रतिशत | ७५% | ७५% |

माथि तालिकामा प्रस्तुत लक्षहरु हासिल गर्न आयोजना निरन्तर प्रयासरत छ। गत आर्थिक वर्ष २०७६/०७७ सम्ममा आयोजनासँग सहकार्य गरिरहेका उत्पादक संस्थाहरुमा ८९३४ कृषकहरु आवद्ध भई आयोजनाबाट लाभान्वित भएकोमा ५१% महिला कृषकहरु थिए । तीमध्ये सहकारी संस्थामा आवद्ध ३६,३०२ सदस्यहरुमा ४४% महिला छन । एवं प्रकार जलवायु मैत्री प्रविधिहरुको अभ्यासमा संलग्न १२३७७ कृषकहरुमा ३५% महिला रहेका छन् । उपरोक्त तथ्याङ्कहरु विश्लेषण गर्दा आयोजनाले केही क्रियाकलापहरुमा महिला सहभागिताको लक्ष हासिल गरेको छ भने केहीमा लक्ष प्राप्त गर्न थप प्रयास गर्नु पर्ने देखिन्छ। समग्रमा आयोजनाका गतिविधिहरुमा गत आर्थिक वर्ष २०७६/०७७ सम्ममा महिला सहभागिता ४२% रहेको छ जुन आयोजनाको ४५% को लक्ष भन्दा केही कम हो। यो अवस्थामा सुधार गर्न आयोजना र सरोकारवाला निकायहरुमा कार्यरत सबैले सक्रिय प्रयास गरिरहेका छन् ।

प्रस्तुती: **डा. ठाकुर प्रसाद भट्ट**
जेण्डर स्पेसलिष्ट

10 आयोजना गतिविधि

# निर्देशन समितिको छैटौं बैठक

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको आयोजना निर्देशन समितिको छैटौं बैठक समितिका अध्यक्ष एवं कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (पशुपन्छी विकास) डा. पेम नारायण कंडेलज्यूको अध्यक्षतामा २०७७ पौष २६ गते सम्पन्न भएको छ।

यस बैठकमा आयोजना कार्यान्वयनको समीक्षा गरिनुको साथै आयोजनाको उप-आयोजना पूर्ण प्रस्ताव तयारी, प्रस्तावन तथा मूल्याङ्कन विधिमा आयोजनाबाट प्रस्ताव गरिए अनुसार निजी फर्म र कम्पनी समेतलाई सहभागी गराउन आवश्यक संशोधन स्वीकृतिको लागि मन्त्रालयमा पेस गर्ने निर्णय गरिएको थियो। यसको अलावा बजेट कटौती पश्चात् आयोजना पुनः संरचना हुदा समावेश गरिनु पर्ने नयाँ क्रियाकलापहरु पहिचान गरी मन्त्रालयममा पठाउने निर्देशन समेत बैठकले दिएको थियो ।

# केन्द्रीय प्राविधिक समन्वय समितिका बैठकहरू सम्पन्न

आयोजना कार्यान्वयनका प्राविधिक पक्षमा मार्गनिर्देश गर्ने र सबै तहका सरोकारवालाहरुबीच समन्वय र सहकार्य गराउने आयोजना केन्द्रीय प्राविधिक समितिका दुईवटा बैठकहरु २०७७ पौष २३ र माघ १५ गते सम्पन्न भएका छन । पशु सेवा विभाग अन्तर्गतका सबै मुख्य कार्यालयका प्रमुखहरु सदस्य रहने यो समितिका यी दुबै बैठक पशु सेवा विभागका महानिर्देशक तथा केन्द्रीय प्राविधिक समन्वय समितिका अध्यक्ष डा. दमयन्ती श्रेष्ठको अध्यक्षतामा सम्पन्न भएका थिए ।

उक्त दुबै बैठकमा अन्य विषयहरुको अलावा बजेट कटौतीपछिको आयोजना पुनःसंरचना पश्चात् निरन्तरता दिइनुपर्ने आयोजनाका क्रियाकलापहरु बारे छलफल गरिएको थियो भने दुग्ध विकास संस्थानको सुदृढिकरण र पश्मिना प्रशोधन सम्बन्धी नयाँ क्रियाकलापहरु प्रस्ताव गर्ने निर्णय समेत गरिएको थियो ।

# तटस्थ मूल्याङ्कनकर्ता अभिमुखीकरण

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाबाट सम्भाग "ग" अन्तर्गत प्रवाह गरिने पूरक अनुदान प्रस्ताव गरी प्राप्त हुने प्रत्येक उप-आयोजना पूर्ण प्रस्तावलाई आयोजनामा कार्यरत कृषि व्यवसाय विज्ञ वा मूल्य शृंखला विज्ञ एक जना र आयोजनाले छानेका तटस्थ मूल्याङ्कनकर्ता विज्ञ दुई जनाले गरी तीन जनाले छुट्टा-छुट्टै मूल्याङ्कन गर्ने र तीन जनाले अलग अलग प्रदान गरेको अंकको औसतलाई उप-आयोजनाले प्राप्त गरेको अंक कायम गर्ने व्यवस्था गरिएको छ। यसबमोजिम आयोजनामा तटस्थ मूल्याङ्कनकर्ता भई सेवा प्रदान गर्न इच्छुक विज्ञहरुबाट आशय पत्र माग गरी आयोजनाले २०७७ माघ ७ गते सूचना प्रकाशन गरेकोमा आशय पत्र प्राप्त भएका इच्छुक विज्ञहरुको व्यक्तिगत विवरण मूल्याङ्कन गरेर आयोजनाले विज्ञहरुको छनौट गरेको छ।





आयोजनामा सेवा प्रदान गर्न छनौट गरिएका यी तटस्थ मूल्याङ्कनकर्ता विज्ञहरुलाई आयोजनासँग परिचित गराउने र आयोजनामा उनीहरुले गर्नुपर्ने काम र उनीहरुले पालना गर्नुपर्ने आचार संहिता बारे जानकारी दिने उद्देश्यले आयोजनाले तटस्थ मूल्याङ्कनकर्ता अभिमुखीकरण कार्यक्रमको आयोजना गरेको थियो । यो अभिमुखीकरण आयोजना व्यवस्थापन कार्यालयमा २१ र २३ फागुन, २०७७ मा दुई पटक र विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगरमा २६ फागुन, २०७७ मा एक पटक आयोजना गरिएको थियो जसमा जम्मा ४ जना छनौट गरिएका तटस्थ मूल्याङ्कनकर्ता विज्ञहरु सहभागी हुनुभएको थियो ।

यी तीनवटै अभिमुखीकरण कार्यक्रममा आयोजना निर्देशक डा. उमेश दाहाल, आयोजना प्राविधिक विज्ञ डा. प्रभाकर पाठक र परामर्शदाता टोलीका टोली प्रमुख डा. अमर बहादुर शाह सक्रिय रुपमा सहभागी रहनु भएको थियो भने कार्यक्रमका सहभागीलाई आयोजनाको परिचय दिइनुको साथै उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन विधि, मूल्याङ्कन गर्दा पूर्ण प्रस्तावका विभिन्न पक्षको लागि अलग्याइएको अंकभार र अंक प्रदान गर्ने आधार बारे समेत जानकारी दिइएको थियो । यस

प्रकारको अभिमुखीकरण कार्यले तटस्थ मूल्याङ्कनकर्ता विज्ञहरुबीच आयोजना र उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कन बारे समान बुझाई कायम हुने र उप-आयोजना पूर्ण प्रस्ताव मूल्याङ्कनमा एक रुपता आउने विश्वास गरिएको छ ।

## पशुपन्छी तथा मत्स्य बीमा अभिकर्ता तालिम सम्पन्न

नेपाल सरकारले २०६९ साल माघ १ देखि पशुपालनमा हुने जोखिम कम गरी कृषकहरुको आम्दानी सुनिश्चित गर्न कृषि तथा पशुपन्छी बीमा लागू गरेको छ र बीमाप्रति कृषकलाई आकर्षित गर्न बीमा शुल्कमा ७५% अनुदान समेत दिँदै आएको छ । सरकारी प्रयासको बाबजुद बीमाको पहुँच कृषकको घरदैलोसम्म विस्तार हुन भने अझै सकेको पाइदैन । बीमा सेवा विस्तार हुन नसक्नुका कारणहरुमध्ये बीमा कम्पनीहरुमा कृषि, पशुपन्छी तथा मत्स्य बीमा अभिकर्ताको संख्या पर्याप्त नहुँनु पनि एउटा प्रमुख कारणको रुपमा देखिएको छ । अतः बीमा कम्पनीहरुलाई कृषि, पशुपन्छी तथा मत्स्य बीमा व्यवसाय विस्तार गर्न सहयोग पुऱ्याई यो सेवा सहज रुपमा उपलब्ध हुने वातावरण सिर्जना गर्ने उद्देश्यले आयोजनाको आ.व. २०७७/७८ को कार्यक्रममा पशुपन्छी तथा मत्स्य बीमा अभिकर्ता तालिम सञ्चालन गर्ने लक्ष रहेको छ ।



स्वीकृत वार्षिक लक्षबमोजिम आयोजनाका सहकारी विज्ञ तोयनाथ पाण्डेयको अगुवाई, बीमा समितिसँगको समन्वय र विभिन्न बीमा कम्पनीहरुको सहयोगमा दोस्रो चौमासिक अवधिमा विकेन्द्रीकृत आयोजना सहयोग इकाई विराटनगर र हेटौंडा अन्तर्गत तीन दिन अवधिका चार वटा बीमा अभिकर्ता तालिमहरु सम्पन्न गरिएका छन् जसमा १०० जना (१० महिला सहित) पाराभेट र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरुले सफलता पूर्वक भाग लिएका छन् । पशु सेवा तालिम केन्द्र, दुहवी, सुनसरीमा २०७७ माघ २१ देखि २३ सम्म सम्पन्न तालिममा उदयपुर, धनकुटा, सुनसरी र मोरङ जिल्लाका २५ जना प्रशिक्षार्थी समावेश थिए भने इलाममा २०७७ माघ २५ देखि २७ गतेसम्म आयोजित तालिममा झापा, पांचथर र ईलाम जिल्लाका २५ जना सहभागीहरु समावेश भएका थिए । एवं प्रकार भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लगनखेलमा २०७७ फागुन ११ देखि १३ सम्म सञ्चालित तालिममा काठमाडौं, काभ्रेपलाञ्चोक, मकवानपुर र चितवन जिल्लाका २५ जना र २०७७ फागुन २३ देखि २५ गतेसम्म पशु सेवा तालिम केन्द्र जनकपुरमा सञ्चालित तालिममा धनुषा, सिराहा, र सप्तरी जिल्लाका २५ जना सहभागी समावेश भएका थिए ।

यो तालिमका सहभागीहरु छनौट गर्दा बीमा समितिले तोकेको योग्यता पुगेका निजी क्षेत्रमा कार्यरत पाराभेट र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरुलाई प्राथमिकता दिइएको थियो र बीमा समितिका प्रतिनिधि र तालिमका प्रशिक्षार्थी सहभागी भएको जिल्लामा कार्यरत बीमा कम्पनीका प्रतिनिधिहरुले प्रशिक्षण दिनुभएको थियो । सहभागीहरुले बीमा समितिबाट लाईसेन्स प्राप्त गरेपछि सम्वन्धित जिल्लामा तोकिएका बीमा कम्पनीको बीमा अभिकर्ताको रुपमा काम गर्नेछन् ।

## CENA प्रतिवेदन मन्त्रालयलाई हस्तान्तरण

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले गराएको आयोजना तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको पशु विकास तर्फको क्षमता अभिवृद्धि आवश्यकता पहिचान अध्ययन पूरा भएको छ । वाह्य परामर्शदाता मार्फत सम्पन्न गराइएको सो अध्ययनले आयोजना कार्यान्वयन गर्ने क्रममा आयोजना अन्तर्गतका निकायहरुमा र देशको समग्र पशु विकास क्षेत्रको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा पशु विकाससँग सम्बन्धित अन्य संघीय तथा प्रादेशिक निकायहरुमा आवश्यक पर्ने दक्ष जनशक्तिको आवश्यकता पहिचान गरेर दुई भागमा अलग अलग प्रतिवेदन समेत आयोजनामा बुझाएको छ । भाग-१ CAPACITY ENHANCEMENT NEEDS ASSESSMENT (CENA) OF NEPAL LIVESTOCK SECTOR INNOVATION PROJECT मा आयोजना कार्यान्वयनको क्रममा आवश्यक पर्ने जनशक्ति र आयोजना सञ्चालन हुने अवधि भित्र गर्नुपर्ने क्षमता अभिवृद्धि सम्बन्धी क्रियाकलापहरु समेटिएका छन भने कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि तयार पारिएको भाग-२ CAPACITY DEVELOPMENT STRATEGY FOR LIVESTOCK SECTOR SERVICES IN MINISTRY OF AGRICULTURE AND LIVESTOCK DEVELOPMENT, NEPAL प्रतिवेदनमा संघीय तथा प्रादेशिक मन्त्रालय र अन्य पशुपन्छी विकास सम्बन्धी निकायहरुलाई आवश्यक पर्ने वजनशक्ति र सञ्चालन गर्नुपर्ने क्षमता अभिवृद्धिका अल्प तथा दीर्घकालीन क्रियाकलापहरु समेत समावेश गरिएका छन् ।



१७ मंसिर २०७७ का दिन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा आयोजित एक छोटो कार्यक्रममा आयोजनाका तत्कालीन निर्देशक डा. डिल्लीराम सेडाईले CENA प्रतिवेदनको दोस्रो भाग CAPACITY DEVELOPMENT STRATEGY FOR LIVESTOCK SECTOR SERVICES IN MINISTRY OF AGRICULTURE AND LIVESTOCK DEVELOPMENT, NEPAL कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. विमल कुमार निर्मललाई हस्तान्तरण गर्नु भएको थियो । अध्ययन प्रतिवेदन हस्तान्तरण गर्ने उक्त कार्यक्रममा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा. विमल कुमार निर्मलले CENA अध्ययन गराएकोमा आयोजनालाई धन्यवाद ज्ञापन गर्नु भएको थियो भने आयोजना निर्देशक डा. डिल्लीराम सेडाईले आवश्यक जनशक्ति विकास गर्न सो प्रतिवेदन मन्त्रालयको लागि उपयोगी हुने अपेक्षा व्यक्त गर्ने भएको थियो ।

## राष्ट्रिय पशु स्वास्थ्य नीति सम्बन्धी अन्तरक्रिया गोष्ठी

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले सम्भाग "क" अन्तर्गत उपयुक्त नीति, ऐन र नियमहरु तर्जुमा गरेर पशु विकास क्षेत्रको विकासको लागि अनुकूल



वातावरण सिर्जना गर्ने उद्देश्य लिएको छ। आयोजनाले तयार पारेका वा तयार गर्न सहयोग गरेका पशुपालन र पशु स्वास्थ्यसँग सम्बन्धित विभिन्न नीति, ऐन, रणनीति र मार्गचित्रहरु हाल अनुमोदनका विभिन्न चरणमा रहेका छन । आयोजनाले तयार पार्न सहयोग गरी अनुमोदनको लागि प्रस्तुत गरिएको र हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अध्ययन गरिरहेको एक महत्वपूर्ण नीति पशु स्वास्थ्य नीति पनि हो।

पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा. विजयचन्द्र झाको अगुवाइमा गठित नीति मस्यौदा समितिलाई आयोजनाले पशु स्वास्थ्य नीति तयार पार्न सहयोग गरेको थियो । सो नीति मस्यौदा समितिका अन्य सदस्यहरुमा डा. प्रदीपचन्द्र भट्टराई, डा. नवीन घिमिरे, डा. मुकुल उपाध्याय, ओम बहादुर सोडारी (उप-सचिव, कानून) र डा. सविना कोइराला हुनुहुन्थ्यो भने डा. जितेन्द्रमान श्रेष्ठ, डा. वरुण शर्मा र डा. सुजन रानाले आमन्त्रित सदस्यको रुपमा सहयोग गर्नुभएको थियो।



वातावरण सिर्जना गर्ने उद्देश्य लिएको छ। आयोजनाले तयार पारेका वा तयार गर्न सहयोग गरेका पशुपालन र पशु स्वास्थ्यसँग सम्बन्धित विभिन्न नीति, ऐन, रणनीति र मार्गचित्रहरु हाल अनुमोदनका विभिन्न चरणमा रहेका छन । आयोजनाले तयार पार्न सहयोग गरी अनुमोदनको लागि प्रस्तुत गरिएको र हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अध्ययन गरिरहेको एक महत्वपूर्ण नीति पशु स्वास्थ्य नीति पनि हो।

पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा. विजयचन्द्र झाको अगुवाइमा गठित नीति मस्यौदा समितिलाई आयोजनाले पशु स्वास्थ्य नीति तयार पार्न सहयोग गरेको थियो । सो नीति मस्यौदा समितिका अन्य सदस्यहरुमा डा. प्रदीपचन्द्र भट्टराई, डा. नवीन घिमिरे, डा. मुकुल उपाध्याय, ओम बहादुर सोडारी (उप-सचिव, कानून) र डा. सविना कोइराला हुनुहुन्थ्यो भने डा. जितेन्द्रमान श्रेष्ठ, डा. वरुण शर्मा र डा. सुजन रानाले आमन्त्रित सदस्यको रुपमा सहयोग गर्नुभएको थियो।

पशु सेवा विभागमा २६ आषाढ, २०७७ मा र कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा १७ पौष, २०७७ मा छलफल गरिएको पशु स्वास्थ्य नीति सम्बन्धमा सरोकारवालाहरुबीच पुनः छलफल गरिनुपर्ने आवश्यकता कृषि तथा पशुपन्छी विकास मन्त्रालयले महसुस गरे अनुसार १९ माघ, २०७७ मा सरोकारवालाहरुसँगको यो छलफल गोष्ठीको आयोजना गरिएको थियो। कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. पेम नारायण कंडेलको प्रमुख आतिथ्यता र सह-सचिव डा. विमल कुमार निर्मलको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र मन्त्रालय तथा विभाग मातहतका विभिन्न कार्यालयका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। यसको साथै विषय विशेषज्ञको रुपमा पशु सेवा विभागबाट अवकाश प्राप्त महानिर्देशकहरु लगायत अन्य उच्च पदस्थ पूर्व पदाधिकारीहरुलाई पनि आमन्त्रण गरिएको थियो।

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका आयोजना निर्देशक डा. उमेश दाहालको स्वागत मन्तव्य पश्चात् सुरु भएको उक्त गोष्ठीमा मस्यौदा नीति प्रस्तुत गरिएको थियो भने प्रस्तुत नीतिमा डा. नीलप्रकाश सिंह कार्की, डा. दोजराज खनाल, डा. धनराज रताला, डा. रेवतीमान श्रेष्ठ, डा. रामकृष्ण खतिवडा, डा. किशन चन्द ठकुरी, डा. खडक सिंह विष्ट, डा. दामोदर सेडाई, डा. सीताराम अर्याल, डा. नारायण प्रसाद घिमिरे आदिले आ-आफ्नो राय तथा सुझाव दिनु भएको थियो । गोष्ठीमा प्राप्त सुझाव तथा संशोधनको प्रत्युत्तर दिदै मस्यौदा समितिका संयोजक डा. विजयचन्द्र झा र सदस्य डा. प्रदीपचन्द्र भट्टराईले नीतिलाई परिमार्जन गर्न प्राप्त सुझावहरु अत्यन्त उपयोगी हुने विचार व्यक्त गर्नु भयो। यसै गरी गोष्ठीका प्रमुख अतिथि सचिवज्यूले सरोकारवालाहरुसँगको यस्तो छलफलले नीतिप्रतिको स्वामित्व बढ्ने विश्वास व्यक्त गर्नु भएको थियो । यो छलफल गोष्ठी पशु स्वास्थ्य नीतिलाई पूर्णता दिन अत्यन्त उपयोगी भएको अनुभव सहभागी सबैले गरेका छन।

## संक्रामक पशु रोग नियन्त्रण ऐन अवधारणा पत्रमा छलफल

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अनुरोध गरे अनुसार आयोजनाले १८ फागुन, २०७७ का दिन संक्रामक पशु रोग नियन्त्रण ऐनको सैद्धान्तिक अवधारणा पत्र सम्बन्धमा एक दिने अन्तरक्रिया गोष्ठीको आयोजना गऱ्यो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सह-सचिव डा. विमल कुमार निर्मलको अध्यक्षतामा सम्पन्न सो गोष्ठीमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र मन्त्रालय मातहतका नेपाल पशु चिकित्सा परिषद तथा नेपाल कृषि अनुसन्धान परिषदका प्रतिनिधिहरुको सहभागिता रहेको थियो।

आयोजनाले नेपाल पशु चिकित्सा परिषद्को सहयोगमा संक्रामक पशु रोग नियन्त्रण ऐनको मस्यौदा तयार गरी १ असोज, २०७६ मै पशु सेवा विभागमा पेश गरेको भए ता पनि सो समयमा ऐनको अवधारणा पत्र तयार नगरिएको कारण पशु सेवा विभागद्वारा गठित एक समितिले आयोजनाको सहयोगमा सो ऐनको अवधारणा पत्र तयार गरेको थियो। यो गोष्ठीको उद्देश्य समितिले तयार गरेको ऐनको अवधारणा पत्रमा सरोकारवालाहरुबीच छलफल चलाएर मस्यौदा ऐनलाई स्वीकृतिको लागि अगाडि बढाउनु रहेको थियो।

गोष्ठीमा डा. वरुण कुमार शर्माले मस्यौदा अवधारणा पत्र प्रस्तुत गर्नु भएको थियो भने गोष्ठीमा सहभागी डा. चन्द्र ढकाल, डा. मुकुल उपाध्याय, डा. दोजराज खनाल, शिवनाथ महतो, डा. नारायण घिमिरे, डा. नवीन घिमिरे, डा. उमेश दाहाल, डा. सिर्जना मानन्धर, डा. सुरेन्द्र कार्की, डा. प्रभाकर पाठक, डा. विजयचन्द्र झा र डा. दमयन्ती श्रेष्ठले आफ्नो सुझाव दिनु भएको थियो। गोष्ठीका अध्यक्ष डा. विमल कुमार निर्मलले प्राप्त सुझावहरु अवधारणा पत्रलाई परिमार्जन गर्न अत्यन्त उपयोगी भएको मन्तव्य सहित आवश्यक सुधार पश्चात् स्वीकृतिको लागि कानून मन्त्रालयमा पठाइने जानकारी दिनुभएको थियो।

## नेपालमा खोरेत रोग नियन्त्रण : अवस्था र चुनौती गोष्ठी

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले खोरेत रोग नियन्त्रणको राष्ट्रिय कार्यक्रमलाई खोप खरिद गरेर, देशमा खोप सञ्चय गर्ने पूर्वाधारहरु निर्माण गरेर र खोप लगाउने तथा खोप लगाएसकेपछि अनुगमन गर्ने संस्थागत क्षमता अभिवृद्धि




गरेर सहयोग पुऱ्याइरहेको छ । आयोजनाका यी क्रियाकलापहरु खोरेत रोग नियन्त्रण तथा उन्मूलन गर्ने राष्ट्रिय प्रतिवद्धताहरु पूरा गर्न सहयोगी भए पनि खोरेत रोग नियन्त्रणका विविध समस्याहरु भने विद्यमान नै छन । यस सन्दर्भमा खोरेत रोग नियन्त्रणको वर्तमान अवस्थाको लेखाजोखा गर्न र खोरेत रोग नियन्त्रणका चुनौतीहरु समाधान गर्ने उपायहरु पत्ता लगाउन कृषि तथा पशुपन्छी विकास मन्त्रालयले अनुरोध गरे अनुसार आयोजनाले ४ चैत्र, २०७७ का दिन एक दिने गोष्ठीको आयोजना गरेको थियो ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय मातहतका खोरेत रोग नियन्त्रणमा संलग्न विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरु सहभागी रहेको सो गोष्ठी कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. पेमनाराण कडेलको अध्यक्षतामा सम्पन्न भएको थियो । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाका आयोजना निर्देशक डा. उमेश दाहालको स्वागत मन्तव्यबाट सुरु गरिएको सो गोष्ठीमा पशु सेवा विभागका उप-महानिर्देशक डा. रामनन्दन तिवारीले Prospects and Challenges for FMD Control Programme in Nepal विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने सो कार्यपत्रमा गोष्ठीका सहभागीहरुले व्यापक छलफल गरेका थिए । समयमै रोग देखा परेको जानकारी प्राप्त नहुनु, खोप उपलब्ध नहुनु, रोग सम्बन्धी चेतनाको कमी हुनु, खोप सञ्चय गर्ने पर्याप्त संरचना नहुनु र देशको शासकीय पुनसंरचना पश्चात् तीन तहका सरकारी निकायहरुबीच आवश्यक समन्वय नहुनु आदि खोरेत रोग नियन्त्रणका मुख्य चुनौतीहरु भएकोमा गोष्ठीका सहभागीहरु सहमत भएका थिए भने यी चुनौतीहरुलाई प्रभावकारी रुपमा सामना गर्ने उपायहरु बारे पनि गोष्ठीमा व्यापक छलफल भएको थियो । गोष्ठीको समापन गर्दै कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. पेम नारायण कंडेलले प्रभावकारी रुपमा खोरेत रोग नियन्त्रण गर्न र खोरेत रोग नियन्त्रण सम्बन्धमा देशले गरेका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पूरा गर्न यो गोष्ठीले थप मद्दत गरेको राय व्यक्त गर्नु भएको थियो ।

## उप-आयोजना पूर्ण प्रस्ताव तयारी तालिम सम्पन्न

आयोजनाको व्यवसायक सेवा प्रदायक संस्था नेबिकले विकेन्द्रीकृत आयोजना सहयोग इकाई र आयोजनाको प्राविधिक परामर्श सेवा प्रदायक विज्ञहरुको सहयोगमा आ.व. २०७७/०७८ को दोस्रो चौमासिक अवधिमा आयोजनाको संभाग 'ग' छानिएका पशुजन्य उत्पादनहरुमा साना कृषकहरुको समावेशी मूल्य शृंखला विकास अन्तर्गत आयोजना लागू भएका २६ जिल्लामा उप-आयोजना पूर्ण प्रस्ताव लेखन तीन दिने तालिम सञ्चालन गरेको छ । सो तालिममा पूरक अनुदान प्रस्ताव गरी आयोजनामा उप-आयोजना अवधारणा पत्र पेस गर्ने ६६३ वटा कृषक समूह तथा सहकारीका प्रतिनिधिहरु सहभागी भएका थिए । आयोजनाका विज्ञहरुले उपरोक्त तालिम सञ्चालन गर्नुको अलावा ५४७ आवेदकहरुलाई उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्न व्यक्तिगत रुपमा पनि सहयोग पुऱ्याएका थिए र वित्तीय संस्थाबाट उप-आयोजना सञ्चालन गर्न आवश्यक पर्ने ऋण प्राप्त गर्नको लागि विभिन्न वित्तीय संस्थाहरुसाग प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा समन्वय गर्ने काम समेत गरेका थिए ।

## वंशावलीमा आधारित गाई भैसी सुधार (PPRS) कार्यक्रम तालिम सम्पन्न

उत्पादकत्व वृद्धि गर्ने प्रमुख आधार नश्ल सुधार भएकोले आयोजनाले वंशावलीमा आधारित गाईभैसी सुधार कार्यक्रम (Pedigree Performance Recording System-PPRS) सुरु गरेको छ । चालू आ.व.को दोस्रो चौमासिक अवधिमा आयोजनाले PPRS कार्यक्रममा सहभागी हुने दूध रेकर्डर, कृतिम गर्भाधान गर्ने प्राविधिक, दूधका नमूना विश्लेषक आदिको लागि तीनवटा तालिम आयोजना गरेको छ । यस क्रममा PPRS को पहिलो तालिम पोखरामा २०७७ पौष १३ देखि १५ सम्म सम्पन्न भएको






थियो जसमा कास्की, तनहु र नवलपुर जिल्लाका २६ जनाको सहभागिता रहेको थियो । त्यस्तै गरी रुपन्देही, कपिलबस्तु र नवलपरासी जिल्लाका २९ जना सहभागीको लागि २०७७ पौष २४ देखि २६ सम्म बुटवलमा दोस्रो तालिम आयोजना गरिएको थियो भने चितवन, मकवानपुर, काभ्रे, सप्तरी र धनुषाका ३० जना प्रशिक्षार्थीको लागि २०७७ माघ २६ देखि २८ गतेसम्म चितवनमा आयोजना गरिएको थियो । यस प्रकार PPRS कार्यक्रम सुरुगर्ने पूर्व तयारीको रुपमा हालसम्म ८५ जनालाई तालिम दिइएको छ ।

2 स्वागत तथा बिदाई

## सेवा निवृत्त महानिर्देशकको बिदाइ



आयोजनाले एक संक्षिप्त कार्यक्रम आयोजना गरेर अनिवार्य अवकास अर्न्तगत २०७७ पौष १० मा निजामती सेवाबाट निवृत्त हुन लाग्नु भएका पशु सेवा विभागका महानिर्देशक तथा आयोजनाको केन्द्रीय प्राविधिक समन्वय समितिका अध्यक्ष डा. वंशी शर्माज्यूको बिदाइ गरेको छ । सो अवसरमा आयोजना निर्देशक डा. उमेश दाहालले आयोजना तयारीको समयमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहसचिवको रुपमा र पछि पशु सेवा विभागको महानिर्देशकको रुपमा प्रदान गर्नु भएको योगदानको लागि डा. वंशी शर्माज्यूप्रति आभार प्रकट गर्नु भएको थियो भने आफ्नो प्रत्युत्तर मन्तव्यमा डा. वंशी शर्माले आयोजनाको सफलताको कामना गर्नु भएको थियो । नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना परिवार डा. वंशी शर्माज्यूको सुखद सेवा निवृत्त जीवनको कामना गर्दछ ।

## आयोजना निर्देशकको बिदाई



आयोजना निर्देशकको रुपमा साउन, २०७५ देखि आयोजनालाई नेतृत्व प्रदान गरिरहनु भएका डा. डिल्लीराम सेडाई अनिवार्य अवकास अन्तर्गत निजामती सेवाबाट निवृत्त हुनु भएकोले आयोजना परिवारको तर्फबाट १९ मंसिर २०७७ को दिन आयोजना व्यवस्थापन कार्यालयमा एक भव्य बिदाई कार्यक्रमको आयोजना गरियो । उक्त बिदाइ कार्यक्रममा आयोजना व्यवस्थापन कार्यालयमा रही आयोजना कार्यान्वयनमा संलग्न आयोजनाका कर्मचारी तथा परामर्शदाताहरुको पूर्ण उपस्थिति थियो । उक्त अवसरमा आयोजनामा कार्यरत कर्मचारी तथा परामर्शदाताहरुले आयोजनालाई प्रभावकारी नेतृत्व प्रदान गर्नु भएकोमा डा. सेडाईज्यूप्रति धन्यवाद प्रकट गरेका थिए ।

श्री राजेन्द्र कृषि विश्व विद्यालय, हैदरावाद, भारतबाट पशु चिकित्सा विषयमा स्नातक उपाधि हासिल गरेपछि २०४८ सालमा पशु चिकित्सकको रुपमा सरकारी सेवामा प्रवेश गर्नु भएका डा. डिल्लीराम सेढाईले आफ्ना २७ वर्षे सेवा अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका विन्नि कार्यालय र आयोजनामा सेवा प्रदान गर्नु भएको छ ।

आयोजना परिवार उहाको सुखमय सेवा निवृत्त जीवनको कामना गर्दछ ।



# आयोजना कार्यान्वयमा संलग्न निकाय र जिम्मेवार व्यक्तिहरूको सम्पर्क

१. आयोजना व्यवस्थापन कार्यालय, हरिहरभवन, ललितपुर

| क्र.सं. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| क | **आयोजना व्यवस्थापन कार्यालय,**<br>हरिहरभवन, ललितपुर | ०१-५४५४९०६ | pmu@nlsip.gov.np |
| क.१ | पदाधिकारी | | |
| १ | आयोजना निर्देशक, डा. उमेश दाहाल | ९८५११५२७०५ | umeshvet@gmail.com |
| २ | सूचना अधिकारी तथा वरिष्ठ अनुगमन तथा मूल्यांकन अधिकृत, डा. मोहनदेव लेखक | ९८४१५३०५३७ | mohanlekhak@gmail.com |
| ३ | वरिष्ठ योजना अधिकृत, विश्वनाथ गौतम | ९८५६०५०९६४ | bishwabnathg@gmail.com |
| ४ | उप-सचिव (लेखा), यामनारायण शर्मा | ९८४१४७९३८६ | narayan_yamsharma@yahoo.co |
| ५ | योजना अधिकृत, सुशील खड्का | ९८५११४५८९८ | sushil.kdk@gmail.com |
| ६ | अनुगमन तथा मूल्याङ्कन अधिकृत, डा. केशव भट्ट | ९८४८७१४९९९ | vet.keshab@gmail.com |
| ७ | अनुगमन तथा मूल्याङ्कन अधिकृत, इश्वरी खतिवडा | ९८५१०५१०४५ | khatiwadadai@gmail.com |
| ८ | नायव सुब्बा, हरि सुनार | ९८४८३१३९६० | dilendrahari71@gmail.com |
| क.२ | परामर्शदाता | | |
| क.२.१ | व्यक्तिगत परामर्शदाता | | |
| १ | प्रोजेक्ट टेक्निकल लिड, डा. प्रभाकर पाठक | ९८४१२२७१९२ | drpathak@yahoo.com |
| २ | पशु प्रजनन विज्ञ, डा. श्रीराम प्रसाद न्यौपाने | ९८५१०७३४९२ | spneopane04@yahoo.com |
| ३ | खरिद विज्ञ, सतिशचन्द्र झा | ९८५११७८०४५ | ersatishjha@gmail.com |
| ४ | वित्तीय विज्ञ, योगराज पोखरेल | ९८५११३६८८३ | pokhrel.yog@gmail.com |
| क.२.२ | संस्थागत परामर्श सेवा प्रदायक | | |
| १ | टोली प्रमुख, प्राविधिक सेवा प्रदायक (CMS-DVN-MDT-FBC JV), डा. अमरबहादुर शाह | ९८५८०५१९३७ | shahamar10@gmail.com |
| २ | टोली प्रमुख, व्यावसायिक सेवा प्रदायक, NABIC भूषण शाह | ९८४३३८५०२३ | bhushan@nabic.com.np |
| ३ | आधिकारिक प्रतिनिधि, Apex Inclusive JV सुरोज धोंजु | ९८५११३६६०२ | dhojsurose@gmail.com |

२. विकेन्द्रीकृत आयोजना सहयोग इकाई

| क्र.सं. | कार्यालय/पदाधिकारी | फोन/मोबाइल | इमेल |
|---|---|---|---|
| १ | **विकेन्द्रीकृत आयोजना सहयोग इकाई, विराटनगर**<br>**प्रमुख**, डा. सुधीर कुमार सिंह<br>**सूचना अधिकारी**, योगेन्द्र शर्मा | ०२१-५००२८३<br>९८५११९१०८७<br>९८४२८०९५२ | dlsubiratnagar@gmail.com<br>drsksinghnp@gmail.com<br>ypsharmatiti@gmail.com |
| २ | **विकेन्द्रीकृत आयोजना सहयोग इकाई, हेटौडा**<br>**प्रमुख**, डा. विदुर गौतम<br>**सूचना अधिकारी**, डा. सन्तोष घिमिरे | ०५७-५२४५७५<br>९८५५०१८५४४<br>९८४१९५३१२६ | dlsuhetauda@gmail.com<br>vet.bidurgautam@gmail.com<br>drsantoshghimire@gmail.com |
| ३ | **विकेन्द्रीकृत आयोजना सहयोग इकाई, पोखरा**<br>**प्रमुख**, डा. रेशमराज ज्ञवाली<br>**सूचना अधिकारी**, डा. भगवती शर्मा | ०६१-५२७१२०<br>९८४५०८६२९५<br>९८५६०१७१२० | dlsupokhara@gmail.com<br>reshamg91@gmail.com<br>vetbhagawati@gmail.com |
| ४ | **विकेन्द्रीकृत आयोजना सहयोग इकाई, बुटवल**<br>**प्रमुख**, डा. पुरुषोत्तम त्रिपाठी<br>**सूचना अधिकारी**, लोकराज भूषाल | ०७१-५५०५८०<br>९८५७०४४४४०<br>९८५११४४५१७ | menlsipbutwal@gmail.com<br>menlsipbutwal@gmail.com<br>lrbhusal@gmail.com |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना**
हरिहरभवन, ललितपुर
फोनः +९७७ १ ५०१०००१/५४५४९०६
ई-मेलः pmu@nlsip.gov.np, वेवसाइटः www.nlsip.gov.np

बुलेटिन सम्बन्धी केही सुझावहरु भए यस नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा जानकारी गराउन हुन अनुरोध गर्दछौं ।